श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. १

माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री महेश शर्मा पौडेल

माननीय न्यायाधीश श्री प्रकाश खरेल

**आदेश**

मुद्दा नं. ०७९-WO-०९००

निर्णय नं. ३१९

**मुद्दाः- उत्प्रेषण, परमादेश समेत।**

भक्तपुर जिल्ला, मध्येपुर ठिमी नगरपालिका वडा नं.७ बस्ने अधिवक्ता अनिता थापा के..सी. -------------------------------------------------------------------------१ } **निवेदक**

**विरुद्ध**

नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौ ------------------------१

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार, काठमाण्डौ----१

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ ------------------------------१

नेपाल स्टक एक्सचेन्ज लिमिटेड, भद्रकाली, युएनआई शान्तिमार्ग, काठमाण्डौ ------१

नेपाल धितोपत्र बोड, खुमलटार, ललितपुर ---------------------------------------१

श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ --------------------१

प्रभु बैंक लिमिटेड रजिष्टर्ड कार्यालय बबरमहल, काठमाण्डौ ----------------------१

प्रभु बैंक लिमिटेडको तर्फबाट सेञ्चुरी कमर्सियल बैंक लि.लाई प्राप्ती (एक्विजिसन) पछिको गठन भएको सञ्चालक समितिको कार्यालय प्रभु बैंक लि. काठमाण्डौ -----१

लिलाप्रकाश सिटौला सञ्चालक समिति अध्यक्ष प्रभु बैंक लि. बबरमहल,काठमाण्डौ-१

रमेशसिंह खडका सञ्चालक समिति सदस्य प्रभु बैंक लि. बबरमहल, काठमाण्डौ ---१

शंकर प्रसाद कालिकोटा सञ्चालक समिति सदस्य प्रभु बैंक लि.काठमाण्डौ --------१

मानबहादुर राई सञ्चालक समिति सदस्य प्रभु बैंक लि. बबरमहल, काठमाण्डौ ----१ } **विपक्षी**

प्रा.डा. गिता प्रधान सञ्चालक समिति सदस्य प्रभु बैंक लि. बबरमहल, काठमाण्डौ -१

अभिषेक बज्राचार्य सञ्चालक समिति सदस्य प्रभु बैंक लि. बबरमहल, काठमाण्डौ --१

रामेश्वर सापकोटा सञ्चालक समिति सदस्य प्रभु बैंक लि. बबरमहल, काठमाण्डौ--१

बाग्लुङ जिल्ला, बाग्लुङ न.पा वडा नं.२ घर भई हाल प्रभु बैंक लि. कार्यरत अशोक शेरचन -------------------------------------------------------------------------१

नेपालको संविधान, २०७२ को धारा ४६ र १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने भनी दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश यस प्रकार छः-

**<u>तथ्य खण्ड</u>**

१. म निवेदक कानून व्यवसायी तथा प्रभु बैंकको खातावाला समेत हुँ। प्रभु बैंक लिमिटेड र तात्कालिन सेञ्चुरी कमर्सियल बैंक लिमिटेड बीच २०७९/४/१५ गते संस्था प्राप्ती (एक्विजिसन) सम्बन्धी भएको सहमतीपत्रको दफा ८ मा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्रभु बैंक लिमिटेडले "प्राप्ती (एक्विजिसन) गरेपछिको संस्थाको प्रमुख कार्यकारी अधिकृत (CEO) पदमा प्रभु बैंकमा हाल कार्यरत अशोक शेरचनलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरिने छ" भन्ने बुँदा राखी सहमती भएको रहेछ। मिति २०७९/९/१७ मा दुबै बैंकले नेपाल राष्ट्र बैंकमा संयुक्त निवेदन गरेकोमा विपक्षी नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभागको तर्फबाट प्राप्ती (एक्विजिसन) को सम्बन्धमा अन्तिम स्वीकृति प्रदान गरेको भनी प.सं.बै.वि.नि.वि./मर्जर/३५/०७९/८०को पत्रमार्फत विपक्षी प्रभु बैंक समेतलाई पत्राचार भई बैंकको सञ्चालक समितिको मिति २०७९/१०/१२ को निर्णयबाट विगत २०७०/१०/१९ बाट प्रभु बैंकमा प्रमुख कार्यकारी अधिकृतको पहिलो कार्यकाल सुरू गरी हाल दोश्रो कार्यकाल रहनु भएका विपक्षी अशोक शेरचनलाई दुई कार्यकाल पश्चात पुनः तेश्रो कार्यकालको लागि प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्ने कार्य बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) विपरीत भएकोले नेपालको संविधानको धारा १४४ बमोजिम उत्प्रेषणको आदेशले बदर गरी अर्को प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरुको परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत खुलाई म्याद सूचना प्राप्त गरेको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई यस अदालतमा उपस्थित हुनु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गर्नुहोला। साथै, अन्तरिम आदेश छलफलका लागी मिति २०७९/१०/२० को पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७९/१०/१५ मा भएको आदेश।

३. अधिकारप्राप्त नियामक निकायमा उजुर गर्नुपर्ने र साधारण अधिकार क्षेत्रको कानूनमा नै स्पष्ट व्यवस्था भएकोमा सम्बन्धित नियामक निकायहरुमा नगई सम्मानित अदालतलाई प्राप्त असाधारण अधिकारक्षेत्रको दुरुपयोग हुने गरी रिट दायर भएको छ। यस बैंकको मिति २०७१/१०/१६ को सञ्चालक समितिको बैठकले २०७१/१०/१८ देखि लागु हुने गरी अशोक शेरचनलाई चार बर्षको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,

२०६३ को दफा २६ बमोजिम प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको थियो। उक्त नियुक्ति बमोजिमको ४ बर्षे कार्यकाल समाप्त भएपछि मिति २०७५/१०/१० मा सञ्चालक समितिको बैठकले अशोक शेरचनलाई नियुक्त गर्दा साविकको ऐन खारेज भई हाल बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागु भईसकेको अवस्था रहेको र सोही ऐनको दफा २९(२) बमोजिम कार्यकारी प्रमुखको कार्यकाल बढीमा ४ बर्ष हुनेछ र निजको अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ भन्ने व्यवस्था रहेको छ। ऐ. ऐनको दफा २९(३) मा उक्त दफा २९(२) को व्यवस्था यो ऐन प्रारम्भ भएपछि मात्र लागु हुनेछ भनी उल्लेख गरेको छ, अर्थात बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, २०७४/०१/१० मा प्रमाणित एवं प्रकाशित भई लागु भएकोले उल्लेखित मिति २०७४/०१/१० पश्चात भएको नियुक्ति मात्रै कार्यकाल गणना प्रयोजनार्थ प्रयोग हुने स्पष्ट छ। कानूनको पश्चात्दर्शी असर नहुने भनी स्थापित कानूनी सिद्धान्त अनुसार समेत उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महागनरपालिका वडा नं.११ बबरमहल स्थित केन्द्रीय कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक रामेश्वर सापकोटाको लिखित जवाफ।

४. यसमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद १० को कानूनी व्यवस्था बमोजिम सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्रभु बैंक लिमिटेडले प्राप्ती गरेको देखिएको, नियमनकारी निकाय नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, सो बैंकको नियमनमा रही यी दुई बैंक एक आपसमा समाहित प्राप्ती हुने सम्बन्धमा भएको सम्झौतामा प्राप्ती पश्चात हुने बैंकको प्रमुख कार्यकारी अधिकृत समेत तोकिएको देखिएको, निवेदनमा उठाईएको बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) समेतको विषयमा अन्तिम आदेश हुँदा सम्बोधन एवं व्याख्या हुने विषय भएकोले हाल माग बमोजिमको अन्तरिम आदेश जारी नहुँदा निवेदकलाई अपुरणिय क्षति पुग्न जाने अवस्थासमेत देखिन नआएकोले हाल निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गरी रहने परेन। प्रस्तुत आदेशको जानकारी दुवै पक्षलाई दिनू भन्ने यस अदालतबाट मिति २०७८/१०/२३ मा भएको आदेश।

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) मा कार्यकारी प्रमुखको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ तथा सोही दफाको उपदफा (३) मा उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागु हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को मिति २०७४।१।१० बाट जारी हुने गरी प्रमाणीकरण तथा प्रकाशन भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को समग्र अध्ययन गर्दा ऐनको पश्चात्दर्शी असर हुने उल्लेख भएको देखिएन। ऐनको दफ़ा २९(३) मा रहेको व्यवस्थाले पुनरोक्ती गरी यसलाई स्पष्ट पारेको छ। निज अशोक शेरचन २०७१ माघ देखि प्रभु बैंकमा प्रमुख कार्यकारी अधिकृतको रुपमा पहिलो नियुक्ति

र दोस्रो नियुक्ति २०७५/१०/१८ मा भएको देखिन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) र उपदफा (३) को व्यवस्था बमोजिम निज प्रमुख कार्यकारी अधिकृतको कार्यकाल गणना गर्नुपर्दा यस ऐन प्रारम्भ भएपश्चातको मितिबाट लागु हुने हुँदा प्रभु बैंक लिमिटेड र तात्कलिन सेञ्चुरी कमर्सियल बैंक बीच संस्था प्राप्ती राष्ट्र (एक्विजिसन) सम्बन्धमा नेपाल राष्ट्र बैंकको तर्फबाट बैंक तथा वित्तीय संस्था नियमन विभागले अन्तिम स्वीकृति प्रदान गरिएको लगायतका प्रक्रिया कानूनी व्यवस्था बमोजिम नै गरिएकोले कानूनसम्मत नै रहेको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.४ बालुवाटार स्थित नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयको तर्फबाट अख्तियार प्राप्त ऐ.का गर्भनर महा प्रसाद अधिकारी, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौको तर्फबाट अख्तियार प्राप्त ऐ.का कार्यकारी निर्देशक डा. गुणाकर भट्टको लिखित जवाफ।

६. अशोक शेरचनलाई मिति २०७९/१०/१५ गते देखि लागु हुनेगरी बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने गरी मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय सार्वजनिक सरोकारको विषय/विवाद नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरापलका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लिमिटेडको सञ्चालक अभिशेक बज्राचार्यको लिखित जवाफ।

७. प्रस्तुत निवेदन दायर गर्न निवेदकको हकदैया छैन। प्रभु बैंक लि.को मिति २०७१/१०/१५ गते सम्पन्न सञ्चालक समितिको बैठकले तत्काल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २६ बमोजिम मिति २०७१/१०/१८ गतेदेखि लागु हुने गरी मिति २०७५/१०/१७ सम्म (४ वर्ष) कार्यकाल रहने गरी बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको थियो। नियुक्ति गर्दाका बखत प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २६(४) ले प्रमुख कार्यकारी अधिकृतको पदावधि ४ वर्षको हुने निजको पुनः नियुक्ति हुन सक्ने व्यवस्था गरेको थियो। हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मिति २०७४/०१/१० गतेबाट प्रारम्भ भएको हुँदा मिति २०७५/१०/१० गते सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिम मिति २०७५/१०/१८ गतेबाट लागु हुने गरी ऐ. ऐनको दफा २९(२) बमोजिम पहिलो पहिलो कार्यकाल मान्नु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिमको पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/१०/१५ देखि लागु हुने गरी आगामी ४ वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गरिएको हो। बैंक तथा वित्तीय संस्था

सम्बन्धी ऐन, २०६३ को २६ बमोजिम भएको मिति २०७१/१०/१५ मा गरिएको नियुक्ति अनुसारको पुरा अवधि नोकरी गर्ने अधिकारलाई पछिबाट आएको कानूनले विस्थापित गर्न सक्दैन, जबकी हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(३) ले उक्त दफा २९(२) को व्यवस्था यो ऐन प्रारम्भ भएपछि अर्थात मिति २०७४/०१/१० पश्चात मात्र लागु हुने स्पष्ट व्यवस्था गरेकोले औचित्यहिन रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.मा कार्यरत प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनको तर्फबाट पेश भएको लिखित जवाफ।

८. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिमको पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/१०/१५ देखि लागु हुने गरी आगामी ४ वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्ति गरिएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक समितिको अध्यक्ष लिलाप्रकाश सिटौलाको लिखित जवाफ।

९. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिमको पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/१०/१५ देखि लागु हुने गरी आगामी ४ वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्ति गरिएको हो। मिति २०७४/०१/१० गतेदेखि लागु भएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) को व्यवस्थाको पश्चात्दर्शी अर्थ दिने गरी तत्कालमा प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को २६ बमोजिम भएको मिति २०७१/१०/१५ मा गरिएको नियुक्ति अनुसारको पुरा अवधि नोकरी गर्ने अधिकारलाई पछिबाट आएको कानूनले विस्थापित गर्न सक्दैन। जबकी हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(३) ले उक्त दफा २९(२) को व्यवस्था यो ऐन प्रारम्भ भए पछि अर्थात मिति २०७४/०१/१० पश्चात् मात्र लागु हुने स्पष्ट व्यवस्था भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक प्रा.डा. गिता प्रधानको लिखित जवाफ।

१०. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। बैंकको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धमा प्रश्न उठेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(६) बमोजिम नेपाल राष्ट्र बैंकले आवश्यक निर्णय गर्न सक्ने बैकल्पिक व्यवस्था विद्यमान हुँदा हुँदै निवेदीकाले उक्त बैकल्पिक व्यवस्थाको अनुशरण/अबलम्बन गर्ने प्रयत्नसम्म पनि गरेको देखिँदैन। प्रभु बैंक लि.को मिति २०७१/१०/१५ गते सम्पन्न सञ्चालक समितिको बैठकले तत्काल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २६ बमोजिम मिति २०७१/१०/१८ गतेदेखि लागु हुने गरी मिति २०७५/१०/१७ सम्म (४ वर्ष) कार्यकाल रहने गरी अशोक शेरचनलाई बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको थियो। नियुक्ति गर्दाका बखत प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २६(४) ले प्रमुख कार्यकारी अधिकृतको पदावधि ४ वर्षको हुने निजको पुनः नियुक्ति हुन सक्ने व्यवस्था गरेको थियो। अर्को एक कार्यकालका लागि मात्र पुनः नियुक्ति हुन सक्नेछ भन्ने व्यवस्था गरेको नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक शंकर प्रसाद कालिकोटाको लिखित जवाफ।

११. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मिति २०७४/०१/१० बाट प्रारम्भ भएको हुँदा मिति २०७५/१०/१० गते सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिम मिति २०७५/१०/१८ गतेबाट लागु हुने गरी ऐ. ऐनको दफा २९(२) बमोजिम पहिलो कार्यकाल मान्नु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिमको पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/१०/१५ देखि लागु हुने गरी आगामी ४ वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्ति गरिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक रमेश सिँह खड्काको लिखित जवाफ।

१२. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) बमोजिमको पहिलो कार्यकाल मिति २०७९/१०/१७ मा समाप्त हुने भएका कारण मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/१०/१५ देखि लागु हुने गरी आगामी ४ वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्ति गरिएकाले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महागनरपालिका

वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि. र ऐ.ऐ. स्थित प्रभु बैंक लि.को सञ्चालक समितिको कार्यालयको तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकम कार्यारत नायव प्रमुख कार्यकारी अधिकृत मनिराम पोखरेलको लिमित जवाफ।

१३. प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होईन। मिति २०७४/०१/१० गते देखि लागु भएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) को व्यवस्थाको पश्चात्दर्शी अर्थ दिने गरी तत्कालमा प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को २६ बमोजिम भएको मिति २०७१/१०/१५ मा गरिएको नियुक्ति अनुसारको पुरा अवधि नोकरी गर्ने अधिकारलाई पछिबाट आएको कानूनले विस्थापित गर्न सक्दैन। अशोक शेरचनलाई मिति २०७९/१०/१५ गते देखि लागु हुने गरी बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने गरी मिति २०७९/१०/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय सार्वजनिक सरोकारको विषय/विवाद नभई कानून अनुकल एवं विवादरहित रहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी काठमाण्डौ महानगरपालिका वडा नं.११ बबरमहल स्थित प्रधान कार्यालय रहेको प्रभु बैंक लि.को सञ्चालक मन बहादुर राईको लिखित जवाफ।

१४. यस सिडिएस एण्ड क्लियरिङ्ग लि.को प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृत पदको नियुक्ति प्रकियाको कुनै पनि चरणमा कुनै पनि संलग्नता छैन निवेदकले हुँदै नभएको विषय र अप्रासाङ्गिक कानूनी व्यवस्था उल्लेख गरी अदालतलाई समेत भ्रमित गर्ने गरी यस संस्थालाई विपक्षी बनाई निवेदन दायर गरेकोले सिडिएस एण्ड क्लियरङ्ग लिमिटेडको तर्फबाट पेश भएको लिखित जवाफ।

१५. रिट निवेदकले संस्था प्राप्ती (एक्विजिसन) पछि प्रभु बैंकमा प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्ति गर्ने गरी प्रभु बैंक लिमिटेडको सञ्चालक समितिले मिति २०७९।१०।१२ मा गरेको निर्णय तेस्रो पटकको नियुक्तिको निर्णय भएको हुँदा उक्त कार्य बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) विपरीत भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने मागदाबी गर्नुभएको रहेछ। प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको विषय यस लिमिटेडसँग के कस्तो सम्बन्ध रहेको हो वा यस लिमिटेडको के कस्तो कार्यले रिट निवेदकको के कुन हक अधिकारमा आघात परेको हो? भन्ने समेत कुनै कुरा रिट निवेदकले उल्लेख गर्न सक्नु भएको छैन। यस लिमिटेडको हकमा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमा नै पूर्णतः खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, यूएनआई शान्तिमार्ग भद्रकाली काठमाण्डौको तर्फबाट अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत कृष्ण बहदुर कार्कीको लिखित जवाफ।

१६. बैंक तथा वित्तीय संस्थाको लागि राज्यको तर्फबाट नियमनकारी निकायको रुपमा नेपाल राष्ट्र बैंक क्रियाशिल रहेको अवस्थामा कम्पनी ऐन, २०६३ मा स्पष्ट व्यवस्था भएको विषयमा बाहेक यस कार्यालयको प्रत्यक्ष हस्तक्षेप गर्ने र गर्नु पर्ने अवस्था रहँदैन। अतः

यस कार्यालयलाई विपक्षी बनाउनु नै नपर्ने विषय भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयको तर्फबाट ऐ.ऐ. कार्यालयका रजिष्ट्रर महेश बरालको लिखित जवाफ।

१७. उक्त प्रभु बैंक लि..को प्रमुख कार्यकारी अधिकृत (सिईओ) नियुक्ति सम्बन्धमा बोर्डको संलग्नता नरहने हुँदा बोर्डलाई विपक्षी बनाउनुको औचित्य छैन। तसर्थ रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी ललिपतुर महानगरपालिका वडा नं.१५ खुमलटार कार्यालय रहेको नेपाल धितोपत्र बोर्डको तर्फबाट अख्तियार प्राप्त रमेश हमालको लिखित जवाफ।

१८. यसमा प्रभु बैंक र सेञ्चुरी कमर्शियल बैंक लिमिटेडको एक्वीजिसन सम्बन्धी कागजातहरु भएको सक्कल फाइल कम्पनी रजिष्ट्रारको कार्यालयबाट झिकाउनु भनी यस अदालतबाट मिति २०८०/३/२७ मा आदेश भएकोमा सो कार्यालयको मिति २०८०/४/२६ च.नं. २३६ को पत्रसाथ प्राप्त कागजातमा सेञ्चुरी कमर्सियल बैंकको बाह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) प्राप्त भएको देखिएको र प्रभु बैंकको समेत सो सम्बन्धी कागजातहरु प्राप्त भएको नदेखिंदा दुवै बैंकको कागजातहरु अबिलम्व पठाउनु भनी कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखी पठाई नियमानुसार गर्नू भन्ने यस अदालतबाट मिति २०८०/५/६ मा भएको आदेश।

**आदेश खण्ड**

१९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदन तथा लिखित जबाफ सहितको मिसिल अध्ययन गरियो।

२०. निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सिताराम के.सी तथा विद्वान अधिवक्ताहरु श्री मधुकुमार चौलागाई, जनक बहादुर साउद र निवेदक अधिवक्ता श्री अनिता थापा के.सी.ले प्रभु बैंक लिमिटेडको संचालक समितिको मिति २०७९।१०।१२ को बैठकबाट अशोक शेरचनलाई बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा तेस्रो कार्यकालका लागि नियुक्ति गर्ने गरी भएको निर्णय प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) विपरितको नियुक्ति भएकोले उल्लिखित संचालक समितिको बैठकको निर्णय तथा ततसम्बन्धी सम्पूर्ण कार्यहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी बैंकको नयाँ कार्यकारी अधिकृतको नियुक्ति प्रकृया अगाडी बढाउनु भनी विपक्षीहरुका नाममा परमादेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

२१. त्यसैगरी विपक्षी प्रभु बैंक लिमिटेडका तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री शिव प्रसाद रिजाल, श्री वालकृष्ण ढकाल, सुरेन्द्र थापा र रेशम राज रेग्मी तथा विद्वान अधिवक्ताहरु श्री अवतार न्यौपाने, श्री थमन बहादुर भण्डारी, श्री विपिन कोइराला, श्री सगुन काफ्ले र श्री आषिश पन्तले प्रस्तुत निवेदनको विषय सार्वजनिक सरोकारको विवाद होइन र निवेदकको यस विषयमा कुनै सार्थक सम्बन्ध तथा सारभूत

सरोकार पनि छैन। कार्यकारी प्रमुख नियुक्ति हुन ऐनबमोजिम अयोग्य भएमा नेपाल राष्ट्र बैंकलाई हटाउने अधिकार भई यस निवेदनका सन्दर्भमा बैकल्पिक उपचारको मार्ग रहेकोमा रिट क्षेत्राधिकारमा प्रवेश गरेको मिलेको छैन। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) को व्यवस्था सो ऐन पछि भएको नियुक्तिका हकमा लागू हुने हो । पहिलो कार्यकाल मिति २०७९।१०।१७ मा समाप्त हुने भएका कारण प्रभु बैंकको संचालक समितिको मिति २०७९।१०।१२ बैठकको निर्णय बमोजिम मिति २०७९।१०।१५ देखि लागु हुने गरी आगामी ४ (चार) वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति भएको हो। ऐ. दफाको उपदफा (२) बमोजिम नै दोस्रो कार्यकालको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को नयाँ ब्यबस्थाको अधिनमा रही दोस्रो कार्यकालका लागि अशोक शेरचन प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति भएको र ऐ. दफाको उपदफा (३) बमोजिम पश्चातदर्शी प्रभाव नरहने भन्ने कानूनी व्यबस्था रहेको हुँदा संचालक समितिको निर्णय प्रचलित कानून बमोजिम नै रहेकोले निवेदन दाबी अनुरुप उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने होइन, प्रस्तुत रिट खारेज गरिपाउँ भनी गर्नुभएको वहस समेत सुनियो।

२२. विपक्षी नेपाल राष्ट्र बैङ्कको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु डिल्ली राम न्यौपाने, श्री हेमराज अधिकारी र श्री स्वच्छा घिमिरेले प्रभु बैंक मिलिटेड र तत्कालिन सेञ्चुरी कमर्सियल बैंक संस्था प्राप्ती सम्बन्धी सहमती पत्र मिति २०७९।०४।१५ मा हस्ताक्षर भई प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई नियुक्त गर्ने भन्ने समेतको निवेदन बेहोरा संलग्न गरी मिति २०७९।०९।१७ मा संयक्त निवेदन पेश भएकोमा नेपाल राष्ट्र बैंकबाट सो सम्बन्धमा मिति २०७९।०९।१९ मा कानून बमोजिम नै अन्तिम स्वीकृत प्रदान गरिएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) र (३) बमोजिम प्रमुख कार्यकारी अधिकृतको गणना गर्दा ऐन प्रारम्भ भए पश्चातको मितिबाट लागू हुने हुँदा निज अशोक शेरचनको हालको नियुक्ति दोस्रो कार्यकालको लागि भएकोले कानून बमोजिम भएको नियुक्ति निवेदन जिकिर बमोजिम बदर हुनुपर्ने नभएकोले रिट खारेज गरिपाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

२३. विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरका तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, पाटनका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले कम्पनी रजिष्टारको कार्यालयबाट कुनै निर्णय नभएकाले सो कार्यालयउपरको रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२४. नेपाल स्टक ऐक्सचेन्स लिमिटेडका तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. श्री पुण्यप्रसाद खतिवडाले निवेदकको प्रस्तुत निवेदन दायर गर्रे सार्थक सम्बन्ध छैन। प्रस्तुत निवेदनको विषय सार्वजनिक सरोकारको विवाद भन्ने पनि देखिदैन। मेरो पक्ष नेप्सेबाट

कुनै कार्य नभएकाले विपक्षी बनाउनु पर्ने कारण छैन। त्यसैले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको वहस सुनियो।

२५. प्रस्तुत रिट निवेदनमा पेश भएको निवेदन पत्र तथा लिखित जबाफहरु समेत अध्ययन पश्चात दुबै पक्षबाट प्रस्तुत गरिएका बहस जिकिरसमेत सुनी निम्न प्रश्नहरुको निरोपण गर्नुपर्ने देखिन आयो।

**क) रिट निवेदकले उठाइएको विषयबस्तु सार्वजनिक सरोकारको विषय हो वा होइन? र निवेदकको उल्लिखित विषयमा निवेदन दिने हकदैया छ वा छैन?**

**ख) प्रस्तुत निवेदनका सम्बन्धमा बैकल्पिक उपचारको मार्ग छ वा छैन ?**

**ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा बैंकका कार्यकारी अधिकृतको नियुक्ति र कार्यकाल सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?**

**घ) रिट निवेदकको माग बमोजिमको बमोजिमको आदेश जारी हुने हो वा होइन?**

२६. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम प्रस्तुत निवेदनमा उठान गरिएका विषयबस्तु सार्वजनिक सरोकारको विषय भई निवेदकसँग रिट दायर गर्ने हकदैया छ वा छैन? भन्ने पहिलो प्रारम्भिक प्रश्नको निरोपण गर्नुपर्ने देखियो। निवेदक आफू प्रभु बैंक लिमिटेडको खातावाल तथा कानून व्यवसायी रहेको हुँदा सर्वसाधारण जनताको निक्षेप संचित हुनै बैंकको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको विषय कानून सम्मत हो, वा होइन? बैंक सुशासन प्रति प्रतिबद्ध रहन्छ वा रहदैन भन्ने विषय आफूसँग प्रत्यक्ष सरोकारको विषय रहेको छ। प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचनलाई तेस्रो कार्यकालका लागि नियुक्ति गरेको कार्य बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) विपरीत भएको हुँदा उत्प्रेषणको आदेशबाट बदर गरिपाउँ भन्ने निवेदन जिकिर लिएको देखिन्छ। बैंकबाट भएको उक्त नियुक्तिको विषय सार्वजनिक सरोकारको विषय भएको भनी निवेदकले सरोकार देखाएको देखिन्छ।सार्वजनिक सरोकार विवाद सम्पूर्ण जनसमुदाय वा जनताको एक भागको हितसँग सम्बन्धित वा व्यापक जनसरोकारको विषय सार्वजनिक सरोकारको विवाद हुन्छ। सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वा कुनै सार्वजनिक निकाय वा पदाधिकारीले संविधान वा कानूनबमोजिम गर्नुपर्ने कुनै काम नगरेको वा गर्न नहुने कुनै काम गरेको कारणबाट जनसाधारणको हक, हित वा स्वार्थमा प्रतिकूल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय हुन्छ।[१] सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामुहिक हित वा स्वार्थको प्रतिनिधित्व गर्ने वा त्यस्तो हित वा स्वार्थ अनुकूल वा प्रतिकूल प्रभाव पार्ने कुनै पनि कुरा सार्वजनिक सरोकारको विषय हुन सक्दछ।देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, मूल्य वृद्धि, संविधानमा राज्यनीतिका निर्देशक

[१] नेपाल कानून पत्रिका २०७८, अंक ८, निर्णय नम्बर १०७२९

सिद्धान्तको रुपमा व्यवस्थित सामाजिक न्यायका कुराहरु इत्यादि विभिन्न कुराहरुसंग जनसाधारणको सरोकार रहेको हुन्छ। यथार्थमा सार्वजनिक सरोकारको विषय यति नै हो भनेर किटान गर्न सकिन्न। तर यस सन्दर्भमा एउटा कुरा के बुझ्नु आवश्यक छ भने संविधान अन्तर्गत अदालतबाट निरुपण हुनु पर्ने विवादको सन्दर्भमा सार्वजनिक सरोकारको अर्थ गर्दा कानूनको सीमा भित्रै रहेर गर्नु आवश्यक हुन्छ। तसर्थ उक्त संवैधानिक व्यवस्था अन्तर्गत कुनै विवादलाई सार्वजनिक विवादको रुपमा यस अदालतमा ल्याउनको लागि त्यो विवाद कानुन वा संविधानमा आधारित हुनुपर्दछ।[२] सार्वजनिक सरोकारको विवादबाट कानून र संविधानको व्याख्याको प्रश्न निरुपण गर्नुपर्ने विषय समावेश भएको छ भने अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्न सक्छ।[३] भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त कायम भएका छन्। प्रस्तुत निवेदनमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को कानूनी व्यवस्थाको प्रयोगका सम्बन्धमा प्रश्न उठाएको देखिएकोले यस्तो कानूनी प्रश्नलाई सार्वजनिक सरोकारको रुपमा लिन इन्कार गर्नु उपर्युक्त हुँदैन। बैंक जस्तो कानूनबमोजिम स्थापित भई आम जनसमुदायको निक्षेप संकलन लगायतका बैङ्किङ्ग कारोबार गर्ने र आम जनसमुदायको हितसंग सम्बन्धित संस्थाको रुपमा रहने हुँदा यस्तो संस्थाको कार्यकारी अधिकृत नियुक्ति गर्दा कानून अनुकुल भएन भनी उठाएको कानूनी प्रश्नलाई सार्वजनिक सरोकारकै विवादको रुपमा लिनु पर्ने हुन्छ।

२७. जहाँसम्म यी निवेदकको बैकको कार्यकारी अधिकृतको नियुक्तिमा कुनै तात्विक सरोकार र सार्थक सम्बन्ध नरहेको भन्ने जिकिर छ सो तर्फ हेर्दा निवेदक सचेत कानून व्यवसायी रहेको देखिन्छ। साथै, सो बैंकको बनेपा शाखामा आफ्नो खाता रहेको भनी निवेदन साथ चेकको प्रतिलिपि समेत संलग्न गरेको देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको निक्षेप संचित रहने र अन्य बैंङ्किङ कारोबार हुने भएकाले बैकसंग प्रत्यक्ष जनसरोकार रहने हुन्छ। यस्तो आम जनसरोकारको निकायको कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी प्रस्तुत निवेदनको विवादमा कानूनको प्रश्न सन्निहित रहेको भनी कानून व्यवसायीसमेत रहेका यी निवेदकले प्रस्तुत विवाद उठाएको हुँदा निवेदकको तात्विक सरोकार र सार्थक सम्बन्ध नरहेको भन्ने अर्थ गरी निवेदन गर्न हकदैया नरहेको भन्न मिल्ने देखिदैन। अपितु, निवेदकले आफूले सार्वजनिक सरोकारको विवादको रुपमा आफ्नो सामाजिक दायित्व र आम समुदायको रुपमा प्रतिनिधित्व गरी प्रस्तुत गरेको यस निवेदन दिनु पूर्व बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम विपक्षी अशोक शेरचन नियुक्तिका लागि अयोग्य रहेको भनी दफा २९ को उपदफा (६) बमोजिम

[२] नेपाल कानून पत्रिका २०४८, अंक १२, निर्णय नम्बर ४४३०

[३] नेपाल कानून पत्रिका २०५१, अंक ४, निर्णय नम्बर ४८९५

अयोग्य रहेको भए हटाउने अधिकार प्राप्त साधिकार निकाय नेपाल राष्ट्र बैंकमा निवेदन दिने दायित्व पुरा गर्नु पर्नेमा सो दायित्व पुरा नगरी सिधै यस अदालतमा प्रवेश गरेको देखियो।

२८. अव, दोस्रो प्रश्न अर्थात **प्रस्तुत निवेदनका सम्बन्धमा बैकल्पिक उपचारको मार्ग छ वा छैन?** भन्ने तर्फ हेर्दा नेपालको संविधानको धारा १४४ मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको छ।

२९. बैकल्पिक उपचारको मार्ग रहेकोमा सोहि मार्ग अबलम्बन गर्नुपर्ने रिट सम्बन्धी सैद्धान्तिक मान्यता र संवैधानिक व्यवस्था रहेको छ। सम्मानित सर्वोच्च अदालतबाट बैकल्पिक उपचारको मार्गको सिद्धान्तलाई विभिन्न रिट निवेदनमा अबलम्बन गरेको देखिन्छ। उदाहरणका लागि;

न्यायिक अधिकारी वा निकायबाट निरुपण हुने प्रत्येक विवादमा मानिसको जिउ ज्यान, सम्पत्ति, इज्जत वा हैसियत सम्बन्धी कुराहरु समावेश भएका हुन्छन्। त्यस्तो विवादको निरुपण गर्ने भनेर संविधान वा कानूनले त्यस्ता अधिकारी वा निकायलाई अधिकार प्रदान गरेको हुन्छ। त्यस्तो विवादको निर्णय गर्दा प्रमाणको मुल्यांकनमा वा कानूनको व्याख्या वा प्रयोगमा त्रुटी भएको हुन सक्दछ, तथापि कानून बमोजिम माथिल्लो अधिकारी वा निकायबाट बदर नभएसम्म त्यो निर्णय कानूनको दृष्टिमा वैध नै हुन्छ। त्यसैले त्यस्तो त्रुटीलाई सच्याउन सम्बन्धित पक्षले पहिले कानूनी उपचारको बाटो नै अनुशरण गर्नु पर्छ। अन्यथा, त्यस्तो निर्णयबाट प्रतिकूल असर पर्ने पक्षले आफ्नो सम्पत्ति वा जिउज्यान सम्बन्धी मौलिक हकमा आघात परेको छ भनी सोझै रिट क्षेत्रबाट उपचार खोज्न पाउने हो भने संविधान वा कानूनले विवादको निरुपण गर्न न्यायिक वा अर्धन्यायिक अधिकार प्रदान गर्नु र त्यस्तो निर्णय उपर निवेदन वा पुनरावेदन लाग्ने व्यवस्था गर्नुको कुनै अर्थ वा प्रयोजन नै नहुने।[४]

वैकल्पिक उपचारको मार्ग उपलब्ध भएको अवस्थामा सोही मार्गबाट उपचार खोज्नु पर्ने, असाधारण अधिकार क्षेत्र अन्तरगत अदालतमा प्रवेश गर्न नमिल्ने।[५]

साधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्राप्त हुनसक्ने वैकल्पिक उपचारको मार्ग उपलब्ध हुँदा-हुँदै सो मार्गको अवलम्वन नगरी असाधारण अधिकारक्षेत्र गुहार्न आएको

[४] ने.का.प, २०५२ अंक ७, नि.नं ६०३२

[५] ने.का.प. २०६५ अङ्क ३ निर्णय नं. ७९५०

देखियो। वैकल्पिक उपचारको मार्ग उपलब्ध भएको विषयमा सो मार्ग अवलम्वन नगरी सिधै यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन लाग्न सक्ने देखिन आएन। वैकल्पिक उपचारको मार्गको विद्यमानता रहेको देखिई प्रारम्भिक रुपमा नै रिट निवेदन लाग्न नसक्ने। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।[६]

३०. सम्मानित सर्वोच्च अदालतको बैकल्पिक उपचारको मार्ग हुँदा हुँदै रिट क्षेत्राधिकार ग्रहण गरी आएको रिट निवेदन ग्रहण योग्य नहुने भनी गरिएको अभ्यास भारतमा पनि सोही बमोजिम नै विवेचना गर्ने गरिएको पाइन्छ। उदाहरणका लागि केही देहाय बमोजिम छन्-

When an alternative and equally efficaciousremedy is open to litigant he should be required to pursue to remedy and not invoke the special jurisdiction of the high court under Art. 226 of the constitution to issue prerogative writs without exhausting such alternative remedy.[७]

It is therefore, necessary for the writ petitioner to aver that he had exhausted the alternative remedy but did not get justice or that there was no adequate and efficacious alternative remedy available to him. But more bald allegation in the writ petition as to absence of alternative remedy is not enough[८]

३१. प्रस्तुत निवेदनका सन्दर्भमा बैंकको कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (१) मा सञ्चालक समितिले यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन गर्न एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ, उपदफा (२) मा कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ, उपदफा (३) मा उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागू हुनेछ र उपदफा (६) मा उपदफा (१) बमोजिम नियुक्ति भएको कार्यकारी प्रमुख यस ऐन बमोजिम योग्य रहेको नदेखिएमा राष्ट्र बैङ्कले निजलाई हटाई यस ऐन बमोजिम कार्यकारी प्रमुखमा नियुक्त हुन योग्य रहेको अर्को व्यक्तिलाई कार्यकारी प्रमुख नियुक्त गर्न सम्बन्धित बैङ्क वा वित्तीय संस्थालाई आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेकोबाट निवेदकले जिकिर लिए अनुसार विपक्षी अशोक शेरचन उपदफा (२) अनुसार नियुक्तिका लागि अयोग्य रहेको अवस्थामा निजलाई हटाउने आदेश दिने अधिकार विधायिकाले नेपाल राष्ट्र बैंकलाई दिएको देखिन्छ।यसरी उपदफा (६) मा

---

[६] ने.का.प.२०६१ अङ्क ७ निर्णय नं.७४०४

[७] **Union of India v. T.R. Varma AIR 1057 SC 882, 1958 SCR 490 , cited from M.R Mallick, Writs law & practice,Eastern Law House,2009 at 205**

[८] **Executive Engineer v. Ramesh Kumar Singh ( 1996) 1 SG 327,AIR 1996 SC691, cited from M.R Mallick, Writs law & practice,Eastern Law House,2009 at 205**

नियुक्त भएको कार्यकारी प्रमुख यस ऐनबमोजिम अयोग्य भएमा हटाउने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरी स्पष्ट बैकल्पिक उपचारको मार्ग रहेको देखियो। तर, निवेदकले नेपाल राष्ट्र बैंकमा निज अयोग्य रहेको भनी कुनै उजुरी वा निवेदन दिएको देखिदैन। यसरी निवेकदकले सो साधारण अधिकार क्षेत्रको बैकल्पिक उपचारको मार्गको अबलम्बन नगरी सिधै यस अदालतको रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखियो।

३२. बैकल्पिक उपचारको मार्गको अबलम्बन नियम (Rule) र प्रभावकारी रूपमा नभएमा रिट क्षेत्राधिकारमा प्रवेश गर्न सकिने अपवादात्मक (Exceptional) व्यवस्था हुन् । त्यसैले, बैकल्पिक उपचारको मार्गको व्यवस्था रहेपनि सो उपचार प्रभावकारी नरहेको अवस्थामा धारा १४४ अनुसार यस अदालतमा प्रवेश गर्न नसकिने होइन तर त्यस्तो प्रभावकारी उपचारको बाटो नरहेको भन्ने कुरा स्पस्ट रूपमा देखिनु पर्दछ र निवेदकले प्रारम्भिक रूपमा नै त्यस्तो कुराको जिकिर लिई पुष्टि गर्न, स्थापित गराउन र देखाउन सक्नु पर्छ। प्रस्तुत निवेदनमा निवेदकले प्रभावकारी बैकल्पिक उपचारको बाटो नभएकोले सो मार्ग अबलम्बन गरेको भन्ने निवेदनमा उल्लेखसम्म पनि गर्न वा देखाउन वा स्थापित गराउन वा पुष्टी गराउन सकेको पाइदैन। नेपाल राष्ट्र बैंकमा उल्लिखित उपदफा (६) बमोजिम बैकल्पिक मार्ग रहँदा रहँदै निवेदकले निवेदनमा सो कुरा कहिँ कतै उल्लेखसम्म गर्नु भएको देखिदैन। निवेदकका कानून व्यवसायीले बहसका क्रममा प्रभावकारी बैकल्पिक उपचारको मार्ग नरहेको भन्ने बहसमा जिकिर लिनु भएपनि निवेदनमा सो कुरा उल्लेख भएको पाइदैन। बैंकको कार्यकारी प्रमुख उपदफा (२) बमोजिम अयोग्य रहेको अवस्थामा निजलाई हटाउने साधिकार निकाय नेपाल राष्ट्रबैंकमा उजुरी वा निवेदन दिनुपर्नेमा नदिई बैकल्पिक उपचारको मार्ग अबलम्बन नगरी सिधै रिट क्षेत्राधिकारमा निवेदक अदालतमा प्रवेश गर्न मिल्ने हुँदैन।

३३. सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादको विषयमा अदालतमा निवेदन दिनुपूर्व सो विषयको कामकारवाही गर्नुपर्ने वा गर्नु नपर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीसमक्ष आवश्यक उपचारको लागि निवेदन दिनुपर्ने छ। त्यसरी निवेदन दिएकोमा सो प्रक्रियामा अनुचित विलम्व भई वा सो प्रक्रिया निष्प्रभावी भई यस अदालतसमक्ष उपचार माग गर्नुपरेको भए सोको व्यहोरासमेत निवेदनमा खुलाउनु पर्ने र त्यसरी सम्बन्धित निकायमा निवेदन दिएकोमा त्यसबाट उपचार पाउन नसकेको कारणले सोही विषयमा यस अदालतमा निवेदन दिनुपूर्व निवेदकले सम्बन्धित पदाधिकारी वा निकायसमक्ष सो कामकारवाही गरे वा नगरे उपर यस अदालतमा सार्वजनिक सरोकारको विषयमा निवेदन दर्ता गराउन लागेको कुराको जानकारी गराई त्यसको प्रमाणसमेत रिट निवेदनसाथ पेश गर्नुपर्नेछ भनी सार्वजनिक हक वा सरोकारको विवादको विषयसँग सम्बन्धित रिट निवेदन दर्ता र सुनुवाईका लागि मार्गदर्शन भएको देखिन्छ।[९] प्रस्तुत

---

[९] **ने.का.प.२०७० अङ्क १ निर्णय नं.८९४०**

निवेदनमा यी निवेदकले तदनुरुप विपक्षी अशोक शेरचन नियुक्तिका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अयोग्य रहेको भनी दफा २९ को उपदफा (६) बमोजिम नियुक्त भएको व्यक्तिलाई हटाउने अधिकार प्राप्त गरेको नेपाल राष्ट्र बैंकमा निवेदन दिएको देखिदैन।

३४. न्यायिक वा अर्धन्यायिक अधिकारीको निर्णय वा आदेश अधिकार क्षेत्रविहिन छ वा निजले प्रयोग गरेको कानून नै संविधान सम्मत छैन वा अधिकारै नभएको निकायले अधिकार क्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानून विपरित मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको छ भन्ने जिकिर लिएर सम्बन्धित पक्ष त्यस्को उपचारको लागि असाधारण अधिकारक्षेत्र अन्तर्गत आएको छ र निजको जिकिर उचित देखिन्छ भने त्यस अवस्थामा निजलाई अदालतले निश्चय नै मद्दत गर्न सक्दछ र गर्नु पर्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको छ।[10] सम्मानित सर्वोच्च अदालतबाट उल्लेखित अदालतले निवेदन जिकिर उपयुक्त देखेमा अपवादात्मक अवस्थामा बैकल्पिक उपचारको व्यवस्था भए पनि रिट क्षेत्राधिकारमा प्रवेश गर्न सकिने हुन्छ। तर, प्रस्तुत निवेदनका सन्दर्भमा कुनै अधिकार क्षेत्रात्मक त्रुटी नरहेको, प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल नभएको र प्रयोग गरेको कानून नै संविधान सम्मत नभएको जस्ता कुनै पनि अपवादात्मक अवस्थाको विद्यमानता छैन।

३५. तेस्रो प्रश्न अर्थात बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा बैंकको कार्यकारी अधिकृतको नियुक्तिका सम्बन्धमा के कस्तो व्यवस्था छ भन्ने तर्फ हेर्दा, साबिक बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २६ को उपदफा (४) मा *कार्यकारी प्रमुखको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ* भन्ने व्यवस्था गरेको पाईन्छ। उक्त बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३४ ले साविकको ऐनलाई खारेज गरेको देखिन्छ। हाल प्रचलनमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) मा *कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ* भन्ने र उपदफा (३) मा *उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागू हुनेछ* भन्ने ब्यबस्था गरेको पाईन्छ। उपदफा (३) को यो व्यवस्थाबाट उपदफा (२) को व्यवस्था अर्थात कार्यकाल बढीमा चार वर्ष हुने र निज पुन अर्को एक कार्यकालका लागि नियुक्ति हुने व्यवस्था यो ऐन प्रारम्भ भएको मिति अर्थात मिति २०७४।१।१० देखि मात्र लागू र आकर्षित हुने हुन्छ। यस ऐनमा कहीं कतै पनि यो ऐन जारी हुनुभन्दा अगाडीको कार्यकाल पनि यस प्रयोजनका लागि गणना हुने भन्ने व्यवस्था गरेको देखिदैन।

[10] ने.का.प, २०५२ अंक ७, नि.नं ६०३२, ने.का.प. २०५८ अंक ३,४ नि.नं. ६९८४

३६. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) को कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ भन्ने व्यवस्था निरपेक्ष र स्वतन्त्र व्यवस्था नभई उपदफा (३) मा रहेको उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागू हुनेछ भन्ने व्यवस्थाको अधिनमा रहेको देखिएकोले सोही अनुरुप व्याख्या गर्नुपर्ने हुन्छ । ऐनको व्याख्या गर्दा समद्ध सबै दफाहरु हेरी सुसङ्गत व्याख्या (**harmonious interpretation**) गर्नुपर्छ ।सम्बद्ध अन्य दफालाई बेवास्ता गरी कुनै एउटा दफालाई मात्र आधार बनाउन वा एउटा मात्र दफाको यान्त्रिक तरिकाले व्याख्या गर्नु कानूनको व्याख्याको नियम बिपरित हुने र त्यसले विधायिक मनसाय पहिचान गर्न नसक्नेसमेत हुन्छ।समग्र कानूनको उद्देश्यलाई समेत मध्यनजर गरी रचनात्मक तरिकाले ऐनको उद्देश्य पुर्तिको लागि सुसङ्गत व्याख्या गरी निष्कर्षमा पुग्न सान्दर्भिक हुने देखिन्छ। यस आलोकबाट हेर्दा निवेदकले प्रस्तुत निवेदनमा उपदफा (२) को व्यवस्था अर्थात कार्यकाल बढीमा चार वर्ष हुने र निज पुन अर्को एक कार्यकालका लागि नियुक्ति हुने व्यवस्थालाई मात्र उल्लेख र आधार लिएको तर उपदफा (३) मा *उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागू हुनेछ* भन्ने ब्यबस्थालाई उल्लेख सम्म गरेको पाइदैन। विधायिकाले उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशको रुपमा उपदफा (३) लाई राखेको अवस्थामा उपदफा (२) र (३) लाई एकांकी रुपमा नभई दुवै उपदफालाई समग्रतामा अध्ययन गरी सुसंगत व्याख्या गर्नुपर्छ।

३७. नयाँ बनेको ऐनले साबिकको ऐनबमोजिम कार्य गरेको अवधि पनि नयाँ ऐनबमोजिमको कार्यकालमा गणना गरिने भनी कुनै व्यवस्था नगरी कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुने र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्ने व्यवस्था यो ऐन प्रारम्भ भए पछि लागू हुने गरी व्यवस्था गरेको कुरालाई यो ऐन प्रारम्भ हुनु अघिको अवधिलाई पनि गणना हुने भनी बलपूर्बक व्याख्या गर्नु न्यायिक र कानूनसम्मत हुँदैन। उल्लिखित उपदफा (२) मा एक कार्यकाल चार वर्षको हुने र दुई कार्यकालसम्म काम गर्न पाउने देखिदा प्रस्तुत ऐन प्रारम्भ भएको मिति २०७४।१।१० देखि गणना हुने गरी विपक्षी अशोक शेरचन बैंकको कार्यकारी प्रमुख पदमा आठ वर्षसम्म सम्म अर्थात २०८२।०१।०९ सम्म काम गर्न सक्षम र योग्य देखिन्छन्।

३८. अन्तिम प्रश्न अर्थात रिट निवेदकको माग बमोजिमको बमोजिमको आदेश जारी हुने हो वा होइन? भन्ने सम्बन्धमा हेर्दा माथि विभिन्न प्रकरणहरूमा गरिएको विश्लेषण, संवैधानिक र कानूनी व्यवस्था, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (६) मा उपदफा (१) बमोजिम नियुक्ति भएको कार्यकारी प्रमुख यस ऐन बमोजिम योग्य रहेको नदेखिएमा राष्ट्र बैंकले निजलाई हटाई यस ऐन बमोजिम कार्यकारी प्रमुखमा नियुक्त हुन योग्य रहेको अर्को व्यक्तिलाई कार्यकारी प्रमुख नियुक्त गर्न सम्बन्धित बैंक वा वित्तीय

संस्थालाई आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेकोबाट निवेदकले जिकिर लिए अनुसार विपक्षी अशोक सेरचन उपदफा (२) अनुसार नियुक्तिका लागि अयोग्य रहेको अवस्थामा निजलाई हटाउने आदेश दिने अधिकार नेपाल राष्ट्र बैंकमा रही स्पस्ट बैकल्पिक उपचारको मार्ग रहेको र तत्सम्बन्धमा सो जिकिर लिइ नेपाल राष्ट्र बैंकमा निवेदन दिनुपर्ने बैकल्पिक उपचार मार्गको अबलम्बन नगरी सिधै यस अदालतको रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखियो। बैकल्पिक उपचारको मार्ग भएपनि प्रभावकारी नभएमा रिट क्षेत्रमा प्रवेश गर्न सकिने भएपनि यस कारणले प्रभावकारी बैकल्पिक उपचारको बाटो नरहेको भनी निवेदकले निवेदनमा जिकिर लिन वा उल्लेख गर्नसम्म पनि सकेको देखिदैन। यसरी नै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा २९ को उपदफा (२) मा कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ भन्ने व्यवस्था रहेकोमा सो व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागू हुने हुँदा यो ऐन लागू हुनुभन्दा अघि गरेको कार्य अवधि गणना गर्न मिल्ने नभई निजको नयाँ ऐन लागू भएको मिति २०७४।१।१० देखि गणना हुने गरी जम्मा दुई कार्यकालको हुन आउने आठ वर्षको अवधि पुरा नभई बाँकी नै रहेको देखिन आयो।

३९. माथिल्ला प्रकरणहरुमा गरिएको विश्लेषण अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (६) मा रहेको बैकल्पिक मार्गको व्यवस्था र सो मार्ग प्रभावकारी नभएको भन्ने निवेदनमा कुनै जिकिर नभएको अवस्था एवं सोही दफा २९ को उपदफा (३) को कानूनी व्यवस्थासमेतका सादृष्यतामा विगत २०७०/१०/१९ बाट प्रभु बैंकमा प्रमुख कार्यकारी अधिकृतको पहिलो कार्यकाल सुरू गरी हाल दोश्रो कार्यकाल रहनु भएका विपक्षी अशोक शेरचनलाई दुई कार्यकाल पश्चात पुनः तेश्रो कार्यकालको लागि प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्ने कार्य बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा (२) विपरीत भएकोले नेपालको संविधानको धारा १४४ (१) र (२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी अर्को प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरुको परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन मागबमोजिम निजको तेस्रो कार्यकाल मानी निजको नियुक्ति उत्प्रेषणको आदेशले बदर गर्न र अर्को प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्नु भनी परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिएकाले निवेदन खारेज गर्नुपर्ने देखियो।

४०. अतः माथि विवेचित आधारकारणबाट निवेदकको निवेदन माग अनुसार उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरुमा तपशीलबमोजिम गर्नू।

तपशील

१. प्रस्तुत आदेशको प्रतिलिपि उच्च सरकारी वकील कार्यालय पाटन तथा विपक्षीहरु नेपाल राष्ट्र बैंक र प्रभु बैंक समेतमा पठाइदिनू ।
२. सरोकारवालाले प्रस्तुत आदेशको प्रतिलिपि माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिम प्रतिलिपि दिनू ।
३. प्रस्तुत आदेश प्रमाणीकरण भएको सूचना टाँस गरी यस अदालतको वेभसाइटमासमेत प्रकाशन गर्नू ।
४. प्रस्तुत आदेश/फैसलाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

महेश शर्मा पौडेल
का.मु.मुख्य न्यायाधीश

उक्त रायमा सहमत छु।

प्रकाश खरेल
न्यायाधीश

**<u>फैसला लेखनमा सहयोग गर्ने:</u>**
इजलास अधिकृत : भरत पौडेल
कम्प्युटर टाईप गर्नेः बसन्त दर्शनधारी
इति संवत् २०८० साल कार्तिक १५ गते रोज ४ शुभम् ........................................।

फैसला प्रमाणीकरण मिति र दस्तखतः न्यायाधीश अदालतको छाप